चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल

## मिति २०७८।०६।०१ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. चामे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा २०७८ बैशाख देखि कार्यरत कार्यपालिका सदस्य सचिव श्री नर बहादुर चन्दको श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवारको मितिः२०७८।०५।११ को निर्णय अनुसार यस पालिकाबाट श्री महिला बालबालिका तथा जेष्ठ नागरीक मन्त्रालय काठमाण्डौंमा सरुवा भई रमाना लिई हाजिर हुन जान लाग्नु भएको हुदाँ निजले पालिकाको वासि जनताको सेवाका साथै पालिकाको समृद्दिमा सक्रिय रुपमा जिम्मेवारी, वफादारीका साथ कुशल व्यवस्थापकिय भुमिका निर्वाह गर्नु भएको हुदाँ चामे गाउँकार्यपालिकाको तर्फबाट निजको कामको उच्च मुल्याङ्कन गर्दै निजलाई हार्दिक धन्यवाद ज्ञापनका साथै निजको हाल निजको सरकारी सेवाका साथै व्यैक्तिक जीवनको सफलताको लागि शुभकामना सहित यस पालिकाबाट विधाई गर्ने निर्णय गरियो ।

२. यस चामे गाउँकार्यपालिका प्रमुख प्रशासकीय अधिकृत श्री नर बहादुर चन्दको श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवारको मितिः२०७८।०५।११ को निर्णय अनुसार यस पालिकाबाट श्री महिला बालबालिका तथा जेष्ठ नागरीक मन्त्रालय काठमाण्डौंमा सरुवा भई मितिः२०७८।०६।०४ देखि लागु हुने गरी रमाना लिई हाजिर हुन जान लाग्नु भएको हुदाँ अर्को प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था नहुन्जेल सम्म यस पालिकाका ईन्जिनियर श्री लक्ष्मण गौलीलाई आर्थिक अधिकार सहित निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा जिम्मेवारी तोकिदिन श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा शिफारिस गर्ने सर्वसम्मत निर्णय गरीयो ।

३. संविदान दिवस २०७८ भव्य रुपमा विविध खेलकुद तथा सम्मान कार्यक्रम सहित मनाउनको लागि आवश्यक वजेट रु. १ लाख ५० हजार निकासा प्रयोजनको लागि खर्च हुने करीब रु. १ लाख ५० हजार रकम भैपरी आउने शिर्षक वाट रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. देशभरका साथै मनाङ जिल्लामा आएको अविरल वर्षात पश्चात २०७८ जेष्ठ १४, ३१ र आषाढ १ गते मर्स्याङ्दी नदि, माडा खोला र घट्टेखोलामा आएको बाढी तथा पालिकाको विभिन्न स्थानमा आएको पहिरोको कारण आसपासको वस्ति वगाउनुका साथै पहिरो सहितको बाढीको विपत्तिले समग्र मनाङका साथै चामे गाउँपालिकाको अधिकाम्श भागमा बाढि, पहिरोले पुर्‍याएको क्षति पुर्‍याई चामे वासि जनतालाई विस्थापित बनाएको हुदाँ उक्त बाढीबाट विस्थापित जनतालाई राहात उद्दार कार्यमा रातदिन खटिनुका साथै जनताको जनजिवन सहजताको लागि खेल्नु भएको अतुलनिय भुमिकाको उच्च मुल्याङ्कन गर्दै मनाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री विष्णु लामिछाने, नेपालि सेना (रणदल गुल्म), नेपाल प्रहरी, शसस्त्र प्रहरी (३२ नं. गण), शसस्त्र प्रहरी बल (पर्वतिय उद्दार तालिम शिक्षालय मनाङ) लाई धन्यवाद सहित कदर पत्र / सम्मान पत्र प्रदान गर्ने निर्णय गरियो ।